iLight the future

BUTWAL POWER COMPANY LIMITED

बुटवल पावर कम्पनी लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१



# बुटवल पावर कम्पनी लिमिटेडको ३२ औं वार्षिक साधारण सभाको सूचना

मिति २०८१।०९।०३ (तद्नुसार १८ डिसेम्बर २०२४) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको ३२ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## साधारण सभा हुने मिति, स्थान र समय :

**मिति :** **२०८१ पौष २८ गते आईतवार (तद्नुसार जनवरी १२, २०२५) ।**

**समय :** **बिहान ११:०० बजे ।**

**स्थान :** **कार्की ब्याङ्क्वेट बबरमहल, काठमाण्डौं ।**

## छलफलका विषयहरू :

**(क) सामान्य प्रस्तावः**

१ संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

३. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरूलाई आ.ब. २०८०/८१ को मुनाफाबाट चुक्ता पूंजीको ५% (पाँच प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।

५. तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र लोअर मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.मा हस्तान्तरण गर्ने।

६. चिनोखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र चिनो हाइड्रोपावर लि.मा हस्तान्तरण गर्ने।

७. धितोपत्रको थप सार्वजनिक निष्काशनको जानकारी सम्बन्धमा।

**(ख) विशेष प्रस्तावः**

१. आ.व. २०८०।८१ मा विभिन्न संस्था तथा व्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम रू. ५,९९,३९४/- अनुमोदन गर्ने ।

**(ग) विविध ।**

# प्रोक्सी-फारम

श्री संचालक समिति

**बुटवल पावर कम्पनी लि.**

वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..........................................जिल्ला..............................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ..................., .................... वस्ने म/हामी ........................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०८१ पौष २८ गते आइतबारका दिन हुने ३२ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि..............................जिल्ला ..............................................म.न.पा/न.पा./ गा.वि.स./ वडा नं..........., ..........वस्ने श्री .................................................................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ..............................................

दस्तखतः ..............................................

ठेगानाः ...............................पो.व.नं..............

फोन नं...................................................

शेयरधनी नं.: (BOID No): ..............................

शेयर प्र.प.नं.: ......................................

डिम्याट नं:............................................

शेयर संख्याः ........................................

मितिः ..................................................

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको ३२ औं साधारण सभाको प्रयोजनका लागि मिति २०८१।०९।१८ गते यस कम्पनीको शेयरधनी दर्ता किताव तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहने छ । शेयरधनी दर्ता किताव बन्द रहेको अघिल्लो दिन अर्थात मिति २०८१।०९।१७ गते नेपाल स्टक एक्सचेन्ज लि.मा कारोवार भई नियम वमोजिम तोकिएको समय भित्र शेयर दाखिला खारेज भई कायम शेयरधनीहरूले सो साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य मानिनेछ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरू कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न सकिने छ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, र दस्तखत मध्ये कुनै नमिले वा शेयर संख्या बढी उल्लेख भएमा प्रतिनिधिपत्र रद्द हुनेछ ।

४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

५. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० वजे देखि खुल्ला रहने छ । हाजिर गर्नका लागि परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, चालक अनुमतिपत्र आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

६. शेयरधनी कुनै संगठित संस्था वा कम्पनी भएमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

८. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर नक्साल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
कम्पनी सचिव

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरू,

यस कम्पनीको ३२औं बार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट आ.ब. २०८०।८१ को प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ ।

आ.व. २०८०।८१ मा कम्पनीको कार्यसंपादन संचालन व्यावसाय, लगानी तथा आयोजना विकास व्यवसायहरू तर्फ सामान्य रह्यो । विभिन्न व्यवसायहरू तर्फको कार्य सम्पादन सम्बन्धित शिर्षकमा तल उल्लेख गरिएको छ । कम्पनीले आ.व. २०८०।८१ मा रू. १९ करोड ३९ लाख ८७ हजार खुद मुनाफा गर्न सफल भयो, जुन अघिल्लो वर्षको खुद मुनाफाको तुलनामा ३६.४१% ले कमी हो। यस वर्ष विद्युत बिक्री समेत ४.२५% ले घटेको छ।

## कार्य सम्पादन मूल्यांकन

**वित्तः**

कम्पनीले आ.व. २०८०।८१ मा रू. २५ करोड १८ लाख ५३ हजार कुल संचालन मुनाफा आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १०.७७% ले कम हो । त्यसैगरी ब्याज तथा कर अघिको नाफा २२.९०% ले घटेर रू. २२ करोढ ५८ लाख भएको छ । वित्तिय आम्दानी समेत उल्लेख्यरूपमा ५४.७५% ले घटेर रू. ४ करोड ६८ लाख १७ हजार भएको छ । परिणामस्वरूप कर अघि तथा कर पछिको नाफा क्रमशः ३२.५५% र ३६.४१% ले घटेको छ । आ.व. २०८०।८१ मा कम्पनीको खुद मुनाफा रू. १९ करोड ३९ लाख ८७ हजार रहेको छ । कम्पनीको प्रमुख वित्तिय परिसूचकहरू तल संक्षेपमा उल्लेख गरिएको छ ।

नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि.को बिक्री तथा सो वापतको खर्चहरू बढेका कारण समूहगत आम्दानी २५.०२% ले र खर्च ४०.६२% ले बढेको हो, जसको

| विवरण | आ.व. २०८०।८१ रू. | आ.व. २०७९।८० रू. | परिवर्तन % |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४१,८८,८१,३९६ | ४६,९३,१२,३२३ | -१०.७५ |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | २७,४७,५९,३९५ | २५,५१,०४,४०२ | ७.७० |
| उत्पादन खर्च | ३०,५०,५५,१४७ | ३०,३५,९०,२०८ | ०.४८ |
| वितरण खर्च | १३,६७,३२,७९१ | १३,८५,६९,२१३ | -१.३३ |
| कूल संचालन मुनाफा | २५,१८,५२,८५३ | २८,२२,५७,३०४ | -१०.७७ |
| अन्य आय (प्राप्त लाभांश समेत) | ९,८७,९७,६०७ | १३,७३,७८,८०२ | -२८.०८ |
| प्रशासनिक तथा अन्य खर्च | १२,४८,५१,९४२ | १२,६७,८६,६५७ | -१.५३ |
| ब्याज तथा कर अघिको नाफा | २२,५७,९८,५१८ | २९,२८,४९,४४९ | -२२.९० |
| वित्तिय आम्दानी | ४,६८,१६,५९७ | १०,३४,६६,८१२ | -५४.७५ |
| वित्तिय खर्च | १,३०,२५,४६५ | १,१४,६६,९९७ | १३.५९ |
| कर अघिको नाफा | २५,९५,८९,६५० | ३८,४८,४९,२६४ | -३२.५५ |
| कर पछिको खुद मुनाफा | १९,३९,८७,३६९ | ३०,५०,७०,६७३ | -३६.४१ |
| अन्य कम्पनीहरूमा लगानी | ४,६२,६०,३०,०५७ | ४,२६,८३,३८,६४८ | ८.३८ |
| प्रतिशेयर आम्दानी | ५.६९ | ८.९५ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,०३,२१,४६,९६७ | ७,०३,२६,६८,०४५ | ०.०१ |

आ.व.२०८०।८१ को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छः

| विवरण | आ.व. २०८०।०८१ रू. | आ.व. २०७९।०८० रू. | % परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,९९,०३,३५,२५१ | २,३९,१९,१९,६४७ | २५.०२ |
| बिक्री लागत | २,२३,५७,२५,६०२ | १,५८,९९,५०,०१६ | ४०.६२ |
| कुल नाफा | ७५,४६,०९,६४९ | ८०,१९,६९,६३१ | -५.९१ |
| व्याज तथा कर अघिको नाफा | ६०,०९,८४,०२८ | ६४,१०,३३,९६१ | -६.२५ |
| कर अघिको नाफा | ३८,४२,१४,४७३ | ५,९७,६९,२९४ | ५४२.८३ |
| कर पछिको नाफा | ३०,८९,६१,०४८ | (३,२२,१८,३२४) | १,०५८.९६ |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ३५,३७,७०,९२४ | (५३,०१,३६२) | ६,६७३.२१% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | (४,४८,०९,८७६) | (२,६९,१६,९६२) | ६६.४७% |
| प्रति शेयर आम्दानी | १०.३८ | (०.१६) | |
| खुद सम्पत्ति | ७,५२,३३,१७,८२५, | ७,०९,४५,४५,३०५ | ६.०४% |

फलस्वरूप कुल नाफा ५.९१% ले घट्न गएको छ। यद्यपी, अन्य आम्दानीहरू बढेको र सहायक कम्पनीको प्राप्ती सम्बन्धी बार्गेन पर्चेजमा लाभ प्राप्त भएका कारण खुद मुनाफा उल्लेख्यरूपमा १०५८.९६% ले बढेको छ। समुहगतरूपमा प्रति शेयर आम्दानी गत बर्ष रू. १०.३८ रहेको छ, जुन अघिल्लो बर्ष रू. ०.१६ ले ऋणात्मक थियो। खुद सम्पत्तिमा गत वर्षको तुलानामा ६.०४% ले बढेको छ।

## व्यवसाय सञ्चालन

### उत्पादन व्यवसाय

कम्पनीले दुई विद्युत गृहहरूः ९.४ मेगावाटको आँधिखोला विद्युत गृह र १२ मेगावाटको झिमरूक विद्युत गृह संचालन गर्दै आएको छ । आ.व. २०८०।८१ मा दुबै विद्युत गृहहरू राम्रोसंग संचालनमा रहे । सो विद्युत गृहरूहरूवाट कुल १३३.७६ गिगावाट आवर विद्युत उत्पादन भएको छ । यो गत वर्षको उत्पादन १४०.६५ गिगावाट आवर भन्दा ४.८९% ले कम हो । कुल उत्पादित उर्जाको करीव ६२.५४% नेपाल विद्युत प्राधिकरणलाई तथा वाँकी कम्पनीको वितरण व्यवसायमा आपूर्ति गरिएको थियो । दुबै विद्युत गृहहरू दुरूस्त राखिएको छ र नियमित मर्मत तथा संभारको कार्य समेत गरिएको छ ।

दुबै विद्युत गृहहरूवाट भएको उत्पादनको अवस्था निम्न अनुसार छः

- आँधिखोला विद्युत गृहले ७५.८१% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६२.४२ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो । सो गत वर्षको तुलनामा ४.०८% (२.६६ गिगावाट आवर) कम उत्पादन हो । सुख्खायाममा नदीमा पानी कम भएको कारणले विद्युत उत्पादन घट्न गएको हो । उपभोक्तालाई विद्युत आपूर्तिका लागि ५.१७ गिगावाट आवर विद्युत व्यापारिक महशुल दरमा नेपाल विद्युत प्राधिकरणवाट खरिद गर्न परेको कारण यस केन्द्रको नाफामा असर पर्न गयो । कुल उपलब्ध विद्युत मध्ये २६.०९ गिगावाट आवर (३८.६०% जसमा कालीगण्डकी विद्युत गृहलाई क्षतिपूर्तिस्वारूप दिईने ३.१६ गिगावाट आवर समेत समाविष्ट छ) नेपाल विद्युत प्राधिकरणलाई र ४०.७८ गिगावाट आवर विद्युत कम्पनीकै वितरण व्यवसायलाई बिक्री गरिएको थियो ।
- झिमरूक विद्युत गृहले ६७.८६% क्षमता (Plant Factor) मा संचालनमा रहेर ७१.३३ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो । सो अघिल्लो वर्षको उत्पादनको तुलनामा ५.६% (४.२२ गिगावाट आवर) ले कम हो । सुख्खायाममा नदीमा पानी कम भएको कारणले विद्युत उत्पादन घट्न गएको हो । उपभोक्तालाई विद्युत आपूर्तिका लागि यस अन्र्तगत २.८२ गिगावाट आवर विद्युत नेपाल विद्युत प्राधिकरणवाट खरिद गर्न पऱ्यो । कुल उपलब्ध विद्युत मध्ये ६२.५७ गिगावाट आवर (८४.३७%) नेपाल विद्युत प्राधिकरणलाई र बाँकी कम्पनीकै वितरण व्यवसायलाई बिक्री गरिएको थियो ।

### वितरण व्यवसाय

आ.व. २०८०।८१ मा उत्पादन व्यवसायवाट ५०.५४ गिगावाट आवर उर्जा लिइएको थियो, जुन गत बर्ष लिइएको उर्जा भन्दा करीव ७.४६% ले बढी हो । गत वर्षको तुलानामा उपभोक्तालाई विद्युत बिक्री समेत ८.२५% ले बढेको छ । उपभोक्ताको संख्या तथा प्रति उपभोक्ता विद्युत उपभोग क्रमशः १.७४% र ०.८८% ले बढेको छ । तर, कम्पनीले वितरण व्यवसायवाट नोक्सानी बेहोर्दै आएको छ ।

## कम्पनीका सहायक तथा सम्वद्ध कम्पनीहरु:

### २०८१ आषाढ मसान्त सम्म कम्पनीको लगानी:

यस कम्पनीले निम्न कम्पनीहरूमा शेयर लगानी गरेको छ, जसको मूल्य लागतका आधारमा तथा फेयर भ्यालुका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छः

| कम्पनीको नाम | शेयर संख्या | %लगानी | लगानी (रू.लागतमा) | लगानी (रू.फेयर भ्यालुमा) |
|---|---|---|---|---|
| हिमाल पावर लि. | २९,७८,५०२ | १६.८८ | ४३,४९,३१,४६१ | ७४,०२,८२,५८७ |
| नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि. | ७,१५,८०० | ५१.३० | ७,१५,८०,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड | ५,०४,००० | ६०.०० | ५,०४,००,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड (अग्राधिकार शेयर) | ५,७६,००० | ७०.५५ | ५,७६,००,००० | - |
| न्यादी हाइड्रोपावर लिमिटेड | १,०७,५१,४५३ | ७१.६८ | १,०७,५१,४५,३०० | - |
| कावेली इनर्जि लि. | २९,६६,८६० | २७.२४ | २९,६६,८६,००० | - |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,४७,२३१ | १०० | ४,२९,९१,२६० | - |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कं. प्रा.लि. | १,७१,८७६ | १९.४० | १२,७६,६१,२२८ | |
| बिपिसी सर्भिसेज लि. | १,००,००० | १०० | १,००,००,००० | - |
| हाइड्रो ल्याव प्रा.लि. | १०,००० | १६.६४ | १०,००,००० | ४,०५,७३,०३९ |
| हिमताल हाइड्रोपावर कं. प्रा.लि. | ६,०१,३०० | १९.४० | ७८,९७,००,८३० | |
| मर्स्याङदी ट्रान्समिशन कं. प्रा.लि. | ६,४०६ | १९.४० | १,०३,४६,२४५ | |
| गुराँश इनर्जि लि. | ८२,९९,५९० | १०० | ३३,१९,८३,६०० | - |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ७,६०,००० | २० | ९,३५,२०,८७६ | |
| चिनो हाइड्रोपावर लि. | १,००,००० | १०० | १,००,००,००० | |
| **जम्मा लगानी (लागत मुल्यमा)** | **२,८६,८९,०१८** | | **३,४०,३५,४६,८००** | **७८,०८,५५,६२६** |

### शेयर वापतको अग्रिम भुक्तानी तथा अन्य खर्चहरु

| कम्पनीको नाम | रकम रू. |
|---|---|
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ९,४०,००,००० |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. | ३५,३०,८६,००० |
| नेपाल पावर एक्सचेन्ज लि. | २,००,००,००० |
| काबेली इनर्जी लिमिटेड | ५०,६३,०६,३६७ |
| गुराँश इनर्जी लि. | १४२,९३०,३२३ |
| चिनो हाइड्रोपावर लि. | ३,०४,७३,०९२ |
| **जम्मा** | **१,१४,६७,९५,७८२** |

सहायक तथा सम्वद्ध कम्पनीहरूको वित्तिय संम्पादनको मुख्य मुख्य बुँदाहरू निम्न वमोजिम रहेका छन्:

| कम्पनीको नाम | खुद मुनाफा रू. | खुद मुनाफामा बृद्धि वा कमी प्रतिशत | खुद सम्पत्ति रु | प्रति शेयर आम्दानी रू. | प्रति शेयर कितावी मूल्य रू. |
|---|---|---|---|---|---|
| हिमाल पावर लि. | (११,३८,९९,५०५) | १७५.३९ | ४,३८,४६,३७,०११ | (६.४६) | २५५.०० |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | ४,४१,२१,२०७ | -१०.०२ | ४१,४६,०२,०९२ | ३१.६२ | २९७.१४ |
| खुदी हाइड्रोपावर लि. | २,७९,४५,५५० | ५.४३ | २२,२९,२८,०९२ | ३३.२६ | २४३.४४ |
| कावेली इनर्जि लि. | ४१२,२८२ | -१००.०६ | १,७०,४५,०७,८०७ | ०.०४ | १५७.१० |
| न्यादी हाइड्रोपावर लि. | (१९,२७,४०,४१५) | -२.८६ | ९६,४२,०३,२३७ | (१२.८५) | ६४.२८ |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ७६,७७,१६० | -३५.७५ | १६,९३,६९,०८८ | ५२.१४ | १,१५०.३६ |
| बिपिसि सर्भिसेज लि. | ७,०८,६४२ | -२२.२५ | १,६०,८०,४६२ | ७.०९ | १६०.८० |
| हाइड्रो ल्याव प्रा.लि. | ३,४४,८९,१८१ | ५१.६७ | २४,७१,५१,३५८ | ५७३.८८ | ३,४६०.२३ |
| गुराँस इनर्जि लि. | (७६,७३,१६६) | -८८.०० | ३२,५१,५२,७१७ | (०.९२) | ३९.२३ |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | (२२,२२,९७४) | -८६.१८ | १,५४,२३,०९,२८७ | (०.१३) | ८९.६५ |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. | १,५३,३६,२८८ | १७.६४ | १,२३,२१,०४,६५१ | १.८४ | १०१.५० |
| मर्स्याङदी ट्रान्समिसन कम्पनी प्रा.लि. | (४५,२००) | -२०.०० | ४,३०,७३,६१६ | १.२१ | १,३०६.६७ |
| हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि. | २,१६,७०,९५१ | ३२.७८ | ६३,२५,४९,४९० | ६.९९ | २०४.०८ |
| चिनो हाइड्रोपावर लि. | (२५,४६२) | -८४.३८ | ३,९८,१९,२५८ | ०.०६ | १००.०० |

कम्पनीले आ.वं २०८०।८१ मा निम्न सहायक तथा सम्बद्ध कम्पनीहरूवाट कुल रू २,७८,८९,४०० लाभांश प्राप्त गरेको थियो ।

| कम्पनीको नाम | लाभांश रकम रू. (आ.वा २०८०।०८१ को नाफावाट) |
|---|---|
| विपिसि सर्भिसेज लि. | ९,५०,००० |
| खुदी हाइड्रोपावर लि. | १,५८,६८,८०० |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,००,७०,६०० |
| नेपाल पावर एक्स्चेन्ज लि. | १०,००,००० |
| **जम्मा** | **२,७८,८९,४००** |

## न्यादी हाइड्रोपावर लिमिटेड

सहायक कम्पनी न्यादी हाइड्रोपावर लिमिटेडले स्वदेशी वित्तिय लगानीमा लमजुङ जिल्लामा ३० मे.वा. को न्यादी जलविद्युत केन्द्र निर्माण गर्‍यो। सो केन्द्रले विगतका तीन वर्षहरूमा पूर्ण क्षमतामा संचालन गर्न सक्ने अवस्था रहँदा रहँदै पनि नेपाल विद्युत प्राधिकरणको निर्देशनका कारण न्यून क्षमतामा संचालन गर्न बाध्य भयो । नेपाल विद्युत प्राधिकरणले २२० के.भी.को खुदी हब सम्पन्न गर्न नसकेका कारण न्यादी हाइड्रोपावर लिमिटेडले बैकल्पिक योजना गरी “लिउ र तिर” प्रवन्धमा विद्युत आपूर्ति गर्न बाध्य भयो । त्यसको फलस्वरूप न्यादी जलविद्युत केन्द्रले १०३.५४ गिगावाट आवर मात्र विद्युत उत्पादन गर्‍यो, जुन बार्षिक कन्ट्याक्ट इनर्जी १६८.५५ गिगावाट आवरको केवल ६१.४३% हुन्छ । नेपाल विद्युत प्राधिकरणले सो बैकल्पिक प्रवन्ध यही आ.व. २०८१।८२ को अन्त्य सम्ममा अन्त्य गरी “लिउ वा तिर” प्रवन्धमा विद्युत खरिद बिक्री सम्झौतालाई पून:स्थापित गर्न मञ्जुर गरेको छ । न्यादी हाइड्रोपावर लिमिटेडले आ.व. २०८०।८१ मा

गत वर्षको भन्दा केही कमी रू ५९ करोड २० लाख आम्दानी गरेको छ । यस वर्षमा न्यादी हाइड्रोपावर लिमिटेडले रू. १९ करोड ३० लाख नोक्सानी बेहोरेको छ । यो गत वर्षको नोक्सानीको तुलनामा ३% ले बढी हो।

### खुदी हाइड्रोपावर लिमिटेड

सहायक कम्पनी खुदी हाइड्रोपावर लि.को स्वामित्वमा संचालित ४ मे.वा.को खुदी जलविद्युत गृह आ.व. २०६३।६४ देखी व्यापारिकरूपमा संचालनमा आएको हो। आ.व. २०८०।८१ मा यस कम्पनीको समग्र कार्यसंपादन सन्तोषजनक रह्यो। यस वर्ष समयमै मर्मत संभार गर्ने, रिभर ट्रेनिङको कार्य गर्ने, बाढीको अवस्थाको निगरानी गर्ने तथा खर्चलाई घटाउने तर्फ रह्यो। बर्ष भरी विद्युत केन्द्र सामान्यरूपमानै संचालनमा रह्यो। यस कम्पनीले आ.व. २०८०।८१ मा रू. ८ करोड १२ लाख ५० हजार आम्दानी गर्‍यो, जुन गत वर्षको भन्दा ९.६८% ले कमी हो। साथै, यस कम्पनीले रू. २ करोड ७९ लाख ५० हजार खुद मुनाफा गर्‍यो, जुन गत वर्षको तुलनामा ५.४४% ले बढी हुन आउँछ।

### हिमाल पावर लिमिटेड

सम्बद्ध कम्पनी हिमाल पावर लि.को स्वामित्व तथा संचालनमा ६० मे.वा.को खिम्ती प्रथम जलविद्युत गृह रहेको छ। अघिल्लो २० वर्ष विद्युत खरिद बिक्री सम्झौताको शर्त अनुसार उक्त आयोजनामा रहेको यस कम्पनीको स्वामित्वको आधा हिस्सा जुलाई २०२० देखी नेपाल विद्युत प्राधिकरणमा गएको छ । सो पश्चात् नयाँ विद्युत खरिद बिक्री सम्झौता नभएसम्मका लागि अन्तरिम विद्युत खरिद बिक्री प्रवन्ध अनुसार सो विद्युत गृह संचालन भईरहेको छ। यस परिवर्तनका कारण कम्पनीको लाभांश आम्दानीमा उल्लेख्य असर परेको छ।

## इन्जिनियरिंग तथा अन्य सेवाहरु

### हाइड्रोकन्सल्ट इन्जिनियरिङ लिमिटेड

पूर्णस्वामित्वको सहायक कम्पनी हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.ले स्वदेश तथा बिदेशका विभिन्न जलविद्युत आयोजनाहरूलाई उच्च स्तरको इन्जिनियरिङ परामर्श सेवाहरू दिई राम्रो कार्यसंपादन गर्दै आएको छ। यस कम्पनी पूर्वाधारका अन्य क्षेत्रहरूमा समेत व्यवसाय विविधिकरण गर्ने प्रक्रियामा रहेको छ।

### नेपाल हाइड्रो एण्ड इलेक्ट्रीक लिमिटेड

सन् १९८५ मा स्थापित नेपाल हाइड्रो एण्ड इलेक्ट्रीक लिमिटेड बिपिसीको सहायक कम्पनीकोरूपमा हाइड्रो मेकानिकल उपकरणहरूको उत्पादन तथा पूर्नस्थापनाको कार्य गर्दै आएको छ र इलेक्ट्रोमेकानिकल उपकरणको मर्मत संभार कार्यका लागि अगुवा कम्पनीकोरूपमा रहेको छ । यसका उत्पादनहरूमा एच.भी. सबस्टेशन, प्रशारण लाईनका टावरहरू, तथा स्टील ब्रिज जस्ता ठुला संरचनाहरू पर्दछन्।

### गुराँस इनर्जी लिमिटेड

बिपिसी र सिंगापुर स्थित इन्फ्राको एसियाले क्रमशः ४०% तथा ६०% स्वामित्व अनुपातमा जलविद्युत आयोजनाहरूको विकास तथा लगानीका लागी स्थापना गरेको लगानी कम्पनी गुराँस इनर्जी लिमिटेड सन् २०२३ मा बिपिसीले इन्फ्राको एसियाको नामको सबै शेयरहरू खरिद गरे पश्चात् हाल विपिसीको पूर्णस्वामित्वको सहायक कम्पनीकोरूपमा रहेको छ। यस कम्पनीले कावेली इनर्जी लि.मा लगानी गरेको छ।

### बिपिसि सर्भिसेज लिमिटेड

पूर्णस्वामित्वको सहायक कम्पनी बिपिसी सर्भिसेज लि.को स्थापना विद्युत गृह तथा त्यसको प्रशारण सुविधाहरूको संचालन तथा मर्मत संभारको लागि गरिएको थियो। यस कम्पनीको उद्देश्य विभिन्न विद्युत गृहहरूलाई संचालन तथा मर्मत संभार सेवा उपलब्ध गराउने रहेको छ।

### हाइड्रो ल्याव प्रा.लि.

सम्बद्ध कम्पनी हाइड्रो ल्याव प्रा.लि.ले जलश्रोत विकास आयोजनाहरूको भौतिकरूपमा हाइड्रोलिक मोडलको अध्ययन, सेडिमेन्टको अध्ययन तथा सो सम्बन्धी विषयमा अनुसन्धान गर्ने कार्य गर्दै आएको छ। यस कम्पनीले भौगर्भिक परिक्षण तथा अनुसन्धान एवं न्यूमेरिकल मोडलिङ सेवाहरूपनि प्रदान गर्दै आएको छ।

# आयोजनाहरु

## कावेली ए जलविद्युत आयोजना

पाँचथर जिल्ला स्थित ३७.६ मे.वा. को कावेली ए जलविद्युत आयोजना विकासका लागि आयोजना कम्पनीकोरूपमा कावेली इनर्जी लि.को स्थापना गरिएको छ । पूर्नस्थापना योजना अनुरुप नदीको बहावमा आधारित आयोजनाकोरूपमा नेपाल विद्युत प्राधिकरणसंगको विद्युत खरिद बिक्री सम्झौतालाई संशोधन गरिएको छ । इन्फ्राको एसिया बाहिरिए पश्चात् बिपिसीले अरूण कावेली पावर लि.संगको सहकार्यमा ६०:४० को कर्जा तथा स्वपूँजी अनुपातमा कुमारी बैंक लि.को अगुवाईमा नेपाली बैंकहरूको उपक्रमको ऋण लगानी हुने गरी बिपिसीले उक्त आयोजना निर्माण गरिरहेको छ । यस आयोजनाको निर्माण कार्य सुचारूरूपमा भईरहेको छ र आगामी एक वर्ष भित्र निर्माण सम्पन्न हुने अपेक्षा गरिएको छ।

## मर्स्याङदी क्यास्केड आयोजनाहरु

मर्स्याङ्दी क्यासकेड आयोजनाहरूमा तीन अर्धजलाशययुक्त (पिआरओआर) आयोजनाहरू: १३५ मेगावाट क्षमताको मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना, १३९.२ मेगावाट क्षमताको तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना र ३२७ मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजना रहेका छन्, जसको क्यासकेड अवधारणमा कुल जडित क्षमता ६०१ मे.वा. रहेको छ । क्यासकेड प्रणालीमा सो आयोजनाहरूको क्षेत्र समायोजन, आयोजनालाई अर्धजलाशय बनाउने, संभाव्यता अध्ययनलाई अध्यावधिक गर्ने तथा पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, अध्ययन एवं श्रोत सुदृढीकरण गर्ने कार्यहरू गरिएको छ । सो प्रत्येक आयोजना चिनिया साझेदारहरू SCIG International Limited, Xingcheng International Investment Co. Ltd. , QYEC International Co. Ltd. संगको सहकार्यमा अलग अलग आयोजना कम्पनी मार्फत कार्यान्वयन गरिनेछ ।

मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको वर्तमान अवस्था देहाय वमोजिम रहेको छः

- चिनिया लगानीकर्ताहरू शेयरधनीकोरूपमा सो आयोजना कम्पनीमा प्रवेश गरेकाछन् ।
- २८३ मे.वा. क्षमताको लागि जारी भएको उत्पादन अनुमतिपत्रलाई संशोधन गरी १३५ मे.वा.को अर्धजलाशययुक्त आयोजना बनाइएको छ ।
- १३५ मे.वा.को लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरिएको छ ।
- सरकारी जग्गा लिजमा लिने तथा रूख कटानको स्वीकृति लिने कार्य सम्पन्न भएको छ ।
- निजी जग्गा खरिद गर्ने कार्य सम्पन्न भएको छ।
- उर्जा, जलश्रोत तथा सिंचाई मान्त्रालयसंग आयोजना विकास सम्झौता सम्पन्न गरिएको छ।
- एक्जिम बैंक, चाईनासंग ऋण सम्झौता सम्पन्न भएसंगै आयोजनाको वित्तिय व्यवस्थापन सम्पन्न भएको छ ।
- कम्पनीको परामर्शदाता नियुक्ति, इपिसी ठेक्का सम्झौता गर्ने तथा ठेकेदारले आयोजना स्थलमा पुगी निर्माण प्रारम्भ गरिसकेको छ ।

तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वर्तमान अवस्था देहाय वमोजिम रहेको छः

- यस आयोजनालाई १३९.२ मे.वा.को अर्धजलाशय आयोजनाकोरूपमा अप्टिमाईज गरिएको छ ।
- १४० मे.वा. क्षमताका लागि जारी भएको विद्युत उत्पादन अनुमतिपत्र संशोधन गरी १३९.२ मे.वा. बनाइएको छ ।
- बन तथा वातावरण मन्त्रालयवाट वातावरणीय अध्ययन प्रतिवेदन तथा पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ ।
- लगानी बोर्डवाट लगानी स्वीकृति प्राप्त भई आयोजना कम्पनी दर्ता गरिएको छ ।

अपर मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनाको वर्तमान अवस्था देहाय वमोजिम रहेको छः

- आयोजनाको क्षमता ६०० मे.वा. लाई अर्धजलाशययुक्त आयोजनाकोरूपमा क्यु४० डिजाईनको आधारमा ३२७ मे.वा. कायम गरिएको छ ।
- बन तथा वातावरण मन्त्रालयवाट वातावरणीय अध्ययन प्रतिवेदन तथा पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ ।
- आयोजना विकास सम्झौता गर्नका लागि लगानी वोर्डमा शूल्क बुझाइएको छ ।

- नयाँ सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ लाई आधार मानी लगानी बोर्डले ३२७ मे.वा. क्षमताको लागि समझदारीपत्रमा हस्ताक्षर पश्चात् सर्वेक्षण अनुमतिपत्र जारी गरेको छ ।
- विस्तृत आयोजना प्रतिवेदन लगानी वोर्डवाट स्वीकृत भएको छ ।
- नेपाल विद्युत प्राधिकरणसंग उर्जा तालिका निर्धारण गरिएको छ, जिआईएस अध्ययन पुरा भएको छ र कनेक्सन एग्रिमेण्ट गरिएको छ ।
- विद्युत खरिद बिक्री सम्झौता मस्यौदाको प्रक्रियामा रहेको छ ।

मर्स्याङदी क्यासकेड आयोजनाहरूवाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने २२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन मार्फत विद्युत प्रसारण हुनेछ। मनाङ मर्स्याङदी जलविद्युत आयोजना र तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनालाई मनाङ स्थित स्वीचिङ स्टेशनमा र अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजनालाई लमजुङको खुदी हवमा २२० के.भी. प्रशारण लाईन मार्फत जोडिने छ।

### चिनोखोला जलविद्युत आयोजना

७.९ मे.वा.चिनोखोला जलविद्युत आयोजना तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको नजिकै रहेको नदीको बहावमा आधारित आयोजना हो। यस आयोजनाको उत्पादन अनुमतिपत्र जारी भएको छ र बिद्युत खरिद बिक्री सम्झौताको मस्यौदामा हस्ताक्षर समेत भएको छ । यस आयोजनाको उत्पादन अनुमतिपत्र तथा उद्योग दर्ता आयोजना कम्पनीमा हस्तान्तरण गर्नुपर्ने हुन्छ । त्यसको कार्यन्वयनका लागि चिनो हाइड्रोपावर लि. कम्पनी स्थापना गरिएको छ । यस आयोजनको लागि ठेकेदार तथा परामर्शदाता नियुक्त गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। सरकारी जग्गा लिजमा लिने तथा रूख कटान गर्ने सम्बन्धमा मन्त्रिपरिषद्को स्वीकृति प्राप्त भएको छ र निजी जग्गा प्राप्तीको कार्य चलिरहेको छ।

### मुगु कर्णाली जलविद्युत आयोजना

विपिसीले २०७४ सालमा १५९.६२ मे.वा.को मुगु कर्णाली जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेको थियो । यसको पूर्वसंभाव्यता अध्ययन तथा संभाव्यता अध्यनको कार्यहरू सम्पन्न गरिएको छ र आयोजनको क्षमता १७३.४७ मे.वा. कायम गरिएको छ। यस आयोजनाको नयाँ कायम गरिएको क्षमता १७३.४७ मे.वा.का लागि सरकारको सहमति प्राप्तीमा ढिलाई भएका कारण वातावरणीय प्रभाव मुल्यांकनको कार्य हुन सकेको छैन। विद्युत उत्पादन कम्पनी लि.को तल्लो आयोजना मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनासंग आयोजना क्षेत्र दोहोरो परेको कारण सो सहमतिमा ढिलाई भएको छ।

### झिमरुक शौर्य आयोजना

बिपिसीले सन् २०२२ मा विद्युत विकास विभागवाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी ७ मे.वा.को झिमरूक शौर्य आयोजनाको संभाव्यता अध्ययन गरेको थियो। पछि नेपाल विद्युत प्राधिकरणले सन् २०२४ मा आह्वान गरेको प्रतिश्पर्धात्मकरूपमा विद्युत खरिद गर्ने प्रक्रियामा सहभागी हुनका लागि तोकिएको शर्त पुरा गर्नका लागि आयोजनाको क्षमता बढाई १० मे.वा. गरी सर्वेक्षण अनुमतिपत्र संशोधन गरिएको थियो। सोही अनुसार संभाव्यता अध्ययन प्रतिवेदन समेत अध्यावधिक गरिएको छ। तर, अन्य बोलपत्रदाताहरूले पेश गरेको विद्युत महशुल दर न्यून भएका कारण विपिसीले सो हात पार्न सकेन। यद्यपी, भविश्यमा आह्वान हुने बोलपत्रको प्रक्रियमा विपिसी सहभागी भई यस आयोजनालाई मूर्तरूप दिनेछ।

## नवीन पहल कदमी

बिपिसीले आफ्नो बृद्धि विकास रणनीतिको हिस्साकोरूपमा नयाँ जलविद्युत आयोजनाहरू र सान्दर्भिक व्यवसायिक अवसरहरू नियमितरूपमा पहिचान तथा मुल्यांकन गर्ने गर्दछ। यस कम्पनीले सक्रियरूपमा निर्माणाधिन अयोजनाहरू तथा संचालनमा रहेका विद्युत गृहहरू खोजी रहेको छ। विगत केही वर्षहरूदेखी स्वच्छ उर्जा तथा विश्वव्यापीरूपमा कार्वन उत्सर्जन कमी गर्ने सन्दर्भमा

हरित हाइड्रोजन विकासको नयाँ क्षेत्रकोरूपमा अघि आईरहेको छ। बिपिसी उर्जा क्षेत्रको अगुवा निजी कम्पनी भएकोले यसले हरित हाईड्रोजन सम्बन्धी प्रविधिहरूमा अघि बढ्न तथा ज्ञान हासिल गर्नका लागि नमुना आयोजनाको पहल गर्ने प्रक्रियमा रहेको छ।

## संस्थागत सुशासन

नैतिक व्यवसायिक अभ्यासहरूको पालना तथा असल संस्थागत सुशासनका लागि विपिसि प्रतिवद्ध छ । आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न हामी प्रयत्नरत् छौं । हामी संचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी रहने ध्येयले प्रत्येक वर्ष संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछौ। संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायिक नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ। यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दातारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । यसै भावका साथ प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गै प्रकाशित गरिएको छ।

### संचालक समिति तथा यस अर्न्तगतका समितिहरु

यस बर्ष संचालक समितिमा केहि हेरफेर भएको छ । संचालक समितिले तोकिएका तीन समितिहरू –लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र सम्पत्ति एवं दायित्व समिति एवं कम्पनीको आवश्यकता अनुसार अन्य तीन समितिहरू गठन गरेको छ । आ.व. २०८०।८१ मा संचालक समिति तथा यस अर्न्तगतका समितिहरूको सदस्यकोरूपमा संचालकहरूको कार्यसंपादन सन्तोषजनक रह्यो । कम्पनीको शेयर संरचना, संचालक समिति, यस अर्न्तगतका समितिहरूको विवरणहरू संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचनाका सम्बन्धमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ । आ.व. २०८०।८१ को अन्त्यमा शेयरधनीहरूको संख्या ६८,४०१ रहेको थियो ।

### व्यवस्थापन

यस कम्पनीको व्यवस्थापनको नेतृत्व प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले गर्नु भएको छ। निजसंग नेपाल विद्युत प्राधिकरणको व्यवस्थापनमा काम गरेको लामो व्यवस्थापकीय अनुभव रहेको छ। निजले विगत एघार वर्ष देखी सफलतापूर्वक यस कम्पनीको व्यवस्थापनको नेतृत्व गर्दै आउनु भएको छ। कम्पनीको व्यवस्थापनमा कार्यरत् १६ जना समेत कुल १७३ जना कर्मचारीहरू कार्यरत् छन् । आ.व. २०८०।८१ मा व्यवस्थापनले कम्पनीको दृष्टिकोण, लक्ष तथा मूल्यमान्यता अनुरूपका मुख्य मुख्य लक्षहरू संचालक समिति तथा यस अर्न्तगतका समितिहरूको रणनीतिक मार्गदर्शनमा सम्पन्न गर्दै कार्यसंपादनमा सुधार गरेको छ।

## गुणस्तर, स्वास्थ्य, सुरक्षा तथा वातावरण

यस कम्पनीले आई.एस.ओ.को मापदण्डहरू अनुसार गुणस्तर, वातावरण, पेशागत स्वस्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणालीको अवलम्वन गरेको छ । यस कम्पनीले आई.एस.ओ. ९००१:२०१५ (गुणस्तर व्यवस्थापन प्रणाली) तथा आई.एस.ओ. १४००१:२०१५ (वातावरण व्यवस्थापन प्रणाली) र आई.एस.ओ. ४५००१:२०१८ (पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली) प्रमाणपत्र प्राप्त गरेको छ । प्रमाणिकरण गर्ने संस्था डीएनभी इण्डिया रहेको छ। उल्लेखित प्रमाणपत्रहरूको अवधी मे २०२६ सम्म रहेको छ। सो मापदण्हरू एकिकृत व्यवस्थापन

प्रणालीमा अवलम्वन गरिएको छ। निरन्तर सुधारका लागि एकिकृत व्यवस्थापन प्रणालीको आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको थियो।

## कम्पनीको औद्योगिक संलग्नता तथा बाह्य सम्वन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरूसंग जोडिएको छ र सेमिनार, तालिम, गोष्ठी तथा संस्थागत सामाजिक दायित्व अर्न्तगतका गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट सम्बन्ध अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल हाइड्रोपावर एशोसिएशन, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर- नर्वे, उर्जा विकास परिषद्, नेपाल टनेलिङ एशोशियसन तथा नेपाल व्यवस्थापन संघको संस्थागत सदस्य हो ।

यस कम्पनीले अन्तराष्ट्रिय वित्त निगम, विश्व बैक, सिङ्गापुर स्थित इन्फ्राको एसिया, नर्वे स्थित स्टाटक्राफ्ट एएस, क्यानाडा स्थित एससीपीएचआई जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग जलविद्युत आयोजनाहरू विकासका लागि विभिन्न क्षेत्रमा साझेदारी गरेको छ । यस कम्पनीले थप तीन चिनिया ख्यातीप्राप्त कम्पनीहरूः Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd., Qing Yuan Engineering Consulting Co. Ltd. संग मर्स्याङदी क्यासकेड आयोजनाहरू निर्माणका लागि साझेदारी निर्माण गरेको छ।

## संस्थागत जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन व्यवसायिक पहल, निर्णय तथा कार्यान्वयनको एक महत्वपूर्ण हिस्साकोरूपमा रहेको छ । यस कम्पनीले आफ्ना जोखिमहरूको व्यवस्थापन उपयुक्त तरीकावाट भएको सुनिश्चित गर्नका लागि जोखिम पहिचान, मुल्यांकन, योजना निर्माण तथा न्यूनिकरण गर्दै निरन्तररूपमा व्यवस्थापनका विभिन्न तहमा जोखिमहरूको अनुगमन गर्दै आएको छ । कम्पनीमा जोखिमको असल व्यवस्थापन सुनिश्चित् गर्न जोखिम व्यवस्थापन समितिले व्यवस्थापनको अनुगमन तथा मार्गदर्शन गर्ने एवं संचालक समितिलाई सिफारिस गर्ने गर्दछ ।

## आन्तरिक नियन्त्रण तथा जवाफदेहीता

कम्पनीमा आन्तरिक नियन्त्रण तथा जवाफदेहीता प्रणाली लागु गरिएको छ । आन्तरिक नियन्त्रणको वातावरणको अनुगमन तथा जावाफदेहीताको सुनिश्चितता लेखापरीक्षण समिति तथा संचालक समितिले गर्दछ । व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यान्वयनका निमित्त आवधिकरूपमा आई.एस.ओ.को आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ। साथै, कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आवधिकरूपमा आन्तरिक लेखापरीक्षण गराउँदै आएको छ। आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू कार्यान्वयन गरिएको छ। श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०८०।८१ मा कम्पनीको आन्तरिक लेखापरीक्षणको कार्य गरेको थियो।

## वाह्य लेखापरीक्षण

श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्ले यस कम्पनीको आ.व. २०८०।८१ को हिसाव किताव लेखापरीक्षण गऱ्यो। लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा कम्पनीको वित्तिय विवरणहरूका सम्बन्धमा कुनै नकारात्मक टिप्पणी गरेको छैन।

## शेयरधनीहरुको सुझाव तथा सञ्चार

शेयरधनीहरूवाट प्राप्त सुझावहरूलाई सकारात्मक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ। कम्पनीको त्रैमासिक प्रतिवेदन, संक्षिप्त आर्थिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ। कम्पनीले आफ्नो निरन्तर सुधारका लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीका सुझावहरूको स्वागत गर्दछ।

**कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरूको सारसंक्षेप**

| वर्ष | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार शेयर | कारोवार रकम रु. |
|---|---|---|---|---|---|---|---|
| २०८०।८१ | ३२४ | २८४.४ | ३१० | २२९ | २४,३९३ | ३५,६९,४९० | ८४.४० करोड |
| २०७९।८० | ३७७ | २८८ | ३३०.५ | २३६ | २७,०२१ | २९,८१,०९० | ९८.०४ करोड |

## शेयर रजिष्ट्रार तथा शेयर कारोवार

मिति २०७७ श्रावण १ देखी नारायणचौर, नक्साल, काठमाण्डौ स्थित नविल इन्भेष्टमेन्ट बैकिङ लि. यस कम्पनीको शेयर रजिष्ट्रार रहेको छ । यस वर्ष कुनै शेयर जफत गर्ने वा कम्पनी आफैंले खरिद गर्ने कार्य गरेको छैन ।

## सम्बद्ध पक्षसंगको  कारोवारहरु

यस कम्पनीले सहायक कम्पनीहरूसंग उत्तम औद्योगिक प्रचलनहरू तथा प्रचलित कानून अनुसार व्यवसायिक हिसावले कारोवार गर्दछ। कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग गरेका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०८०।८१ को वित्तिय विवरणहरूको नोटमा उल्लेख गरिएको छ।

## व्यवसाय तथा लगानीको वातावरण:

नेपाल जलस्रोतमा धनी छ र यहाँ जलविद्युतको विकास तथा स्वच्छ उर्जा उत्पादनको अपार संभावना रहेको छ । तर, हाल सम्म ३,१५७ मे.वा. मात्र विकास गरिएको छ, जुन संभाव्य क्षमताको केवल ६.९६% हो । जलविद्युतको विकास नेपालको विकास लक्षको एक महत्वपूर्ण कडी हो भने वर्षायाममा विद्युत खेर जाने, हिउँदमा अपर्याप्त हुने तथा सिमित औधोगिकरणले गर्दा न्यून आन्तरिक खपत हुने लगायतका चुनौतिहरू पनि रहेका छन् ।

नेपाल सरकारले सन् १९९० मा लचिलो तथा खुल्ला अर्थनीति अवलम्बन गऱ्यो, जसले जलविद्युत क्षेत्रमा महत्वपूर्ण रूपान्तरण ल्यायो । सो नीतिले अनुमतिपत्र, दर्ता, संस्थापना जस्ता क्षेत्रहरूमा रहेका प्रशासनिक अवरोधहरूलाई कम गरिदियो र निजी उद्यमीहरूलाई आर्थिक स्वतन्त्रता प्रदान गऱ्यो । त्यसैको फलस्वरूप जलविद्युत उत्पादनमा निजी क्षेत्रको सहभागितालाई उल्लेख्यरूपमा बढ्यो। जलविद्युतको विकासलाई अघि बढाउनेमा निजी लगानीकर्ताहरूको महत्वपूर्ण भूमिका रहेको छ। खुल्ला बजार अवधारणाले उर्जामा उत्पादक, आपूर्तिकर्ता तथा सेवाप्रदायहरू बीच प्रतिश्पर्धालाई बढवा दियो र प्रभावकारीता तथा नवीनता तर्फ प्रबृत्त गऱ्यो । प्रतिश्पर्धाको अभ्यासले जलविद्युत उद्योगलाई बढावा दिएको मात्र नभई उभोक्तालाई राम्रो विकल्प र लचकता सहितको लाभ दिने कार्य समेत गऱ्यो। सो नीतिगत सुधारका कार्यहरूले जलविद्युत क्षेत्रको विकासको जल हाल्ने काम गऱ्यो, जसले नेपालको उर्जाको क्षेत्रमा जलविद्युतको महत्वपूर्ण योगदानका लागि सहज बनायो ।

गत वर्ष नेपालको जलविद्युत क्षेत्रले ४७३ मे.वा. क्षमता थप गर्न योगदान गऱ्यो । कुल जडित क्षमता मध्ये स्वतन्त्र उर्जा उत्पादकहरूको योगदान जलविद्युत तर्फ १,९१५ मे.वा. र शौर्य उर्जा तर्फ ८२ मे.वा. रहेको छ। राष्ट्रिय ग्रिडमा नेपाल विद्युत प्राधिकरणको एकल नियन्त्रण रहेको र विद्युत प्रशारण पूर्वाधारमा कठिनाईहरू रहेका कारण विद्युतको उपयोगमा खासगरी वर्षायाममा कठिनाई रह्यो । निर्यातमूखी आयोजनाहरू जस्तै ९०० मे.वा.को अरूण तेस्रो, ४८० मे.वा.को फुकोट  कर्णाली र ६६९ मे.वा.को तल्लो अरूणले क्षेत्रीय विद्युत व्यापारमा जलविद्युतको संभावना साकार पार्ने नेपालको महत्वकांक्षालाई दर्शाउँछ । भारतमा १० वर्षमा १०,००० मे.वा. विद्युत निर्यात गर्नका लागि दिर्घकालिन विद्युत व्यापार सम्झौता तथा बंगलादेशसंगको ४० मे.वा.को विद्युत व्यापारले अन्तरदेशीय उर्जा वजारलाई विस्तार गर्ने कार्य गरेको छ । बंगलादेश, भारत र नेपाल फ्रेमवर्क अर्न्तगतको क्षेत्रिय उर्जा सहकार्यमा भारत हुँदै बंगलादेशमा त्रिपक्षिय विद्युत व्यापार नेपालको विद्युत व्यापारका लागि एक कोशेढुङ्गा हो । उच्च

क्षमताका प्रशारण लाईनहरूको विस्तार तथा सुदृढिकरणको कार्य ठूला अर्धजलाशय तथा जलाशय आयोजनाहरूवाट उत्पादित विद्युत प्रशारण तथा क्षेत्रिय विद्युत व्यापारका लागि एकदमै महत्वपूर्ण छ। ढल्केवर–मुजफ्फारपुर ४०० के.भी.को अन्तरदेशीय प्रशारण लाईनले उल्लेख्यरूपमा व्यपार गर्नका लागि सहज बनाएको छ भने वुटवल–गोरखपुर तथा लुम्की–वरेली प्रशारण लाईनको निर्माणमा भएका ढिलाईले जलविद्युत क्षेत्रको थप विकासलाई अवरोध गरेको छ। अतिरिक्त उर्जाको व्यवस्थापन गर्न, प्रणालीमा विश्वसनीयता अभिबृद्धि गर्न तथा बढ्दो आन्तरिक खपत तथा निर्यातको मागलाई संबोधन गर्नका लागि त्यसमा भएका ढिलाईलाई निराकरण गर्न आवश्यक देखिन्छ।

नेपाल सरकारले आफ्नो उर्जा मार्गचित्र मार्फत सन् २०२५ भित्र पूर्ण विद्युतीकरण गर्ने, सन् २०३५ भित्र २८,५०० मे.वा. विकास गर्ने तथा प्रशारण एवं वितरण संजालहरूको विस्तार तथा सुदृढिकरण गर्ने उद्देश्य राखेको छ। यो यात्रको एक कोषेढुङ्गा भनेको नेपाल विद्युत प्राधिकरण पहिलो पटक खुद उर्जा निर्यातक संस्था बन्नु हो, जसले आर्थिक विकासको संभावनालाई दर्शाउँछ। गत वर्ष विद्युत निर्यात ४४.५७% ले बढ्यो भने आन्तरिक खपत ९.४६% ले बढ्यो। त्यस अतिरिक्त नेपाल विद्युत प्राधिकरणले सो अवधीमा स्वतन्त्र उर्जा उत्पादकहरूवाट २८.२५% बढी विद्युत गरिद गऱ्यो। उल्लेखित उपलब्धीहरूका वावजुद वर्षयाममा अतिरिक्त उर्जा बिक्रीमा कठिनाई तथा अन्तरदेशीय विद्युत वजारका अवरोधहरू चुनौतिकारूपमा रहेकै छन्।

राजनैतिक अस्थिरता तथा नीतिगत एकरूपताको अभावले गर्दा जलविद्युत क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीलाई उल्लेख्य अवरोध पुग्न गएको छ। यसका मुख्य चुनौतिहरूमा विदेशी मुद्रामा विद्युत खरिद बिक्री दर निर्धारण गर्ने, प्रभाकारी हेजिङ प्रवन्धको अभाव, तथा आयोजना विकास सम्झौता गर्नमा ढिलाई रहेका छन्। सामाजिक तथा आर्थिक चुनौतिहरूले जलविद्युत क्षेत्रलाई थप प्रभावित गरेकाछन्। राम्रो अवसरको खोजीमा उल्लेख्यरूपमा यूवाहरू विदेश पलायन भएका कारण कृषि तथा जलविद्युत लगायतको विकास अयोजनाहरूमा श्रम शक्तिको अभावको अवस्था सृजना गरेको छ। विप्रेषणले विदेशी मुद्राको आर्जन त हुन्छनै, तर यसले ग्रामिण बस्तीहरू खाली हुने र आयतमा निर्भरतालाई बढाउँछ । पेट्रोलियम पदार्थहरूको मूल्य बृद्धि, मुद्राको अवमूल्यन तथा उच्च व्याजदरले निर्माणाधिन जलविद्युत आयोजनाहरूको लागत बढाउने तथा त्यस्ता आयोजनाहरूको वित्तिय संभाव्यतालाई प्रभावित गर्ने कार्य गरेको छ।

नयाँ नयाँ अवसरहरू जस्तै हरित हाइड्रोजन उत्पादनले नेपालको उर्जा क्षेत्रलाई रूपान्तरण गर्न सक्छ। हरित हाइड्रोजनले स्टील, सिमेन्ट तथा यातायात जस्ता उद्योगहरूवाट कार्वन उत्सर्जन हटाउन तथा वातावरणमैत्री मलहरू उत्पादन गर्न सक्छ । प्रचुर प्राकृतिक संसाधन र उर्जाको बढ्दो विश्वव्यापी मागका कारण नेपाल हरित उर्जाको अगुवा संस्था बन्न सक्ने संभावन रहेको छ। तर, उच्च विद्युत लागतका कारण व्यापारिकरूपमा यसको उत्पादनका लागि चुनौति रहेको छ। विपिसीले विश्व बैंक तथा नोराडको सहकार्यमा आफ्ना विद्युत गृहको नजिकै हरित हाइड्रोजन उत्पादनका लागि नमूना परियोजना संचालन गर्न गईरहेको छ।

जलविद्युत नेपालको विकास रणनीतिको एक कोशेढुङ्गाकोरूपमा रहनेछ, जसले बढ्दो आन्तरिक खपत तथा निर्यातका माध्यामवाट राष्ट्रिय आर्थिक विकासमा योगदान पुऱ्याउनेछ। नीति, पूर्वाधार तथा लगानीका चुनौतिहरूलाई समाधान तथा नवीन प्रविधिहरूको प्रयोग दिगो उर्जा विकास र दिर्घकालिन समृद्धिका लागि अत्यावश्यक छ।

## अबको वर्ष

आगामी वर्ष मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा कावेली ए जलविद्युत आयोजनाको निर्माण कार्यहरू हिसावले चुनौतिपूर्ण रहनेछ । हालै मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन सम्पन्न भएकोमा सहजरूपमा कर्जाको किस्ताको निकासी आवश्यक छ । त्यसैगरी तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता तथा वित्तिय व्यवस्थापन कार्यहरूका लागि

एकाग्र भएर प्रयास गर्नुपर्नेछ । अपर मर्स्याङ्दी दोश्रो आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गर्न तथा उत्पादन अनुमतिपत्र लिनका लागि आयोजना विकास सम्झौताका लागि वार्ता शुरू गरी सम्पन्न गर्नुपर्ने एकदमै महत्वपूर्ण कार्य रहेको छ । मुलभूत रूपमा यस वर्ष निर्माणधिन कावेली ए, मनाङ मर्स्याङ्दी तथा चिनो खोला जलविद्युत आयोजनाहरू योजनाबद्ध ढंगबाट सम्पन्न गर्दै लैजाने तर्फ प्राथमिकतामा राखेका छौं । आ.व. २०८१।८२ मा निम्न कार्यहरू शुरू तथा सम्पन्न गर्ने अपेक्षा गरिएको छ ।

- तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको अनुमतिपत्र तथा सम्पत्ति आयोजना कम्पनीमा हस्तान्तरण गर्ने ।
- तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको आयोजना विकास सम्झौताको वार्ता गर्ने तथा वित्तिय व्यवस्थापको कार्य प्रारम्भ गर्ने ।
- मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनाको आयोजना विकास सम्झौताको वार्ता गर्ने तथा विद्युत खरिद बिक्री सम्झौताका लागि पहल गर्ने ।
- चिनो खोला जलविद्युत आयोजनाको अनुमतिपत्र आयोजना कम्पनीमा हस्तान्तरण गर्ने तथा सो कम्पनीले विद्युत खरिद बिक्री सम्झौता गर्ने ।
- चिनो खोला जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन तथा ठेकेदार नियुक्त गरी निर्माण प्रारम्भ गर्ने ।
- कावेली ए जलविद्युत आयोजना, मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना र चिनो खोला जलविद्युत आयोजनाको निर्माण कार्यको प्रगति गर्ने।
- हरित हाइड्रोजन नमूना आयोजना शुरू गर्ने ।
- आँधिखोला वितरण केन्द्रको विद्युत महशुल पुनरावलोकन गर्ने ।
- आयोजनाहरूमा लगानीका लागि पूँजी व्यवस्थापन योजनालाई अन्तिमरूप दिने ।

## कृतज्ञता ज्ञापन

कम्पनीको निरन्तर प्रगति तथा सुधारका लागि आ.व. २०८०।८१ मा नेपाल सरकार तथा यस मातहतका मन्त्रालय तथा निकायहरू, विद्युत नियमन आयोग, नेपाल राष्ट्र बैंक, लगानी बोर्ड नेपाल धितोपत्र बोर्ड, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरू, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, आपूर्तिकर्ता, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू, उपभोक्ताहरू र अन्य संस्था तथा व्यक्तिहरूवाट प्रत्यक्ष तथा परोक्षरूपमा प्राप्त भएको योगदान, साथ र अमूल्य सुझावका लागि हामी आभार छौ ।

संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीलाई अगाडि बढाउने कार्यका लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको कदर गर्दछौ ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट
**पद्म ज्योति**
अध्यक्ष

मितिः

# संक्षिप्त आर्थिक प्रतिवेदन

## आ.व. २०८०।८१ को संक्षिप्त आर्थिक प्रतिवेदन

यस कम्पनीको मिति २०८१।९।२८ गते सम्पन्न हुने ३२औं साधारण सभाको प्रयोजनका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. कम्पनीको आ.व.२०८०।८१ मा विद्युत विक्रीको आम्दानीमा ह्रास आएको कारण संचालन आम्दानीमा घट्न गएको छ । अन्य आम्दानीमा पनि ह्रास आएको छ । आ.व. २०८०।८१ मा कम्पनीको खुद मुनाफा रू. १९,३९,८७,३६९ रहेको छ । जस अनुसार प्रति शेयर आम्दानी रू. ५.६९ हुन आउँछ ।

२. कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप तलको तालिका अनुसार रहेको छ ।

३ आ. व. २०८०।८१ मा यस कम्पनी अर्न्तगतका समूह कम्पनीहरूमध्ये खुदी हाइड्रोपावर लिमिटेड तथा नेपाल हाइड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको कार्यसंपादन सन्तोषजनक रह्यो । हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.को आम्दानीमा केहि ह्रास आएको छ । नेपाल विद्युत प्राधिकरणले समयमै प्रशारण लाईन निर्माण गर्न नसकेका कारण बैकल्पिक व्यवस्था गरी न्यादी जलविद्युत केन्दवाट विद्युत आपूर्ति गर्न परेको हुँदा न्यादी हाइड्रोपावर लिमिटेडले रू.१९ करोड २७ लाख बराबर खुद नोक्सानी व्यहार्नु परेकोछ । यस कम्पनीले आफ्ना सहायक तथा सम्वद्ध कम्पनीहरूमा रू ४,६२,६०,३०,०५७ लगानी गरिसकेको छ ।

४ नेपाल विद्युत प्राधिकरणसंग भएको संझौता अनुसार हिमाल पावर लिमिटेडले आफ्नो ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलविद्युत आयोजनामा रहेको स्वामित्व सम्बन्धी हितको ५० प्रतिशत हिस्सा नेपाल विद्युत प्राधिकरणलाई आ.व. २०७७।७८ देखि हस्तान्तरण गर्नुपर्ने तथा प्रचलित बजार मूल्यमा विद्युत खरिद बिक्री सम्झौता गर्नुपर्ने व्यवस्था भएपनि हाल हिमाल पावर लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच

**कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप**

| विवरण | आ.व. २०८०।८१ रू. | आ.व. २०७९।८० रू. | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४१,८८,८१,३९६ | ४६,९३,१२,३२३ | -१०.७५% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | २७,४७,५९,३९५ | २५,५१,०४,४०२ | ७.७०% |
| उत्पादन खर्च | ३०,५०,५५,१४७ | ३०,३५,९०,२०८ | ०४८% |
| वितरण खर्च | १३,६७,३२,७९१ | १३,८५,६९,२१३ | - १.३३% |
| कूल मुनाफा | २५,१८,५२,८५३ | २८,२२,५७,३०४ | -१०.७७% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ९,८७,९७,६०७ | १३,७३,७८,८०२ | -२८.०८% |
| प्रशासनिक तथा अन्य खर्च | १२,४८,५१,९४२ | १२,६७,८६,६५७ | -१.५३% |
| ब्याज तथा कर अघिको नाफा | २२,५७,९८,५१८ | २९,२८,४९,४४९ | -२२.९०% |
| कर अघिको नाफा | २५,९५,८९,६५० | ३८,४८,४९,२६४ | -३२.५५% |
| कर पछिको खुद मुनाफा | १९,३९,८७,३६९ | ३०,५०,७०,६७३ | -३६.४१% |
| अन्य कम्पनीहरूमा लगानी | ४,६२,६०,३०,०५७ | ४,२६,८३,३८,६४८ | ८.३८% |
| प्रतिशेयर आम्दानी | ५.६९ | ८.९५ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,०३,२१,४६,९६७ | ७,०३,२६,६८,०४५ | ०.०१% |

**२०८०।८१ को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप यस प्रकार रहेको छ ।**

| विवरण | आ.व. २०८०।८१ रू. | आ.व. २०७९।८० रू. | परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,९९,०३,३५,२५१ | २,३९,१९,१९,६४७ | २५.०२% |
| विक्री लागत | २,२३,५७,२५,६०२ | १,५८,९९,५०,०१६ | ४०.६२% |
| कूल मुनाफा | ७५,४६,०९,६४९ | ८०,१९,६९,६३१ | -५.९१% |
| ब्याज तथा कर अधिको नाफा | ६०,०९,८४,०२८ | ६४,१०,३३,९६१ | -६.२५% |
| कर अधिको खूद मुनाफा | ३८,४२,१४,४७३ | ५,९७,६९,२९४ | ५४२.८३% |
| कर पछिको खूद मुनाफा | ३०,८,९६१,०४८ | (३,२२,१८,३२४) | -१,०५८.९६% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ३५,३७,७०,९२४ | (५३,०१,३६२) | -६,७७३.२१% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | (४,४८,०९,८७६) | (२,६९,१६,९६२) | ६६.४७% |
| प्रतिशेयर आम्दानी रू. | १०.३८ | (०.१६) | |
| खूद सम्पत्ति (नेटवर्थ) | ७,५२,३३,१७,८२५ | ७,०९,४५,४५,३०५ | ६.०४% |

सो कार्यले मूर्तरूप लिन सकेको छैन । त्यसको लागि हाल अन्तरिम प्रवन्धमा सहमति भई सो आयोजना संचालन भईरहेको छ । छिट्टै स्थायी प्रवन्धमा सहमति भई सो कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ ।

५. आ.व. २०८०।८१ मा आँधीखोला तथा झिमरूक बिद्युत गृहहरूवाट १३३.७६ गिगावाट आवर विद्युत उत्पादन भयो । यो गत वर्षको उत्पादन भन्दा ४.९०% ले कम हो । यसको मुख्य कारण गत बर्षको तुलनामा यस बर्षको सुख्खायाममा नदीमा पानी कम भएकोले हो । सो उत्पादित विद्युत मध्ये ६२.५५% नेपाल विद्युत प्राधिकरण र बाँकी आफ्नै वितरण प्रणालीमा आवद्ध उपभोक्तालाई विक्री गरिएको थियो ।

६. कम्पनीले आफैं तथा सहायक एवं सम्बद्ध कम्पनीहरू मार्फत विकास गरेका आयोजनाहरूको प्रगति तथा बस्तुस्थिती निम्न वमोजिम रहेको छ।

(क) न्यादी हाइड्रोपावर कम्पनी लि.ले प्रवर्द्धन गरेको न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) को निर्माण कार्यसम्पन्न भई बैशाख २७, २०७९ देखि विद्युत उत्पादन प्रारम्भ भई यस आयोजनाले हाल बैकल्पिक व्यवस्था अन्तर्गत संचालित प्रसारण प्रणाली मार्फत उर्जा आपुर्ति गर्दै आएको छ । बार्षिकरूपमा १६८ गिगावाट आवर विद्युत नेपाल विद्युत प्राधिकरणले आपूर्ति गरि लिनुपर्ने भएपनि ६१% मात्रविद्युत लिएका कारण सो कम्पनीले नोक्सानी बेहोर्नु पर्‍यो । यसले कम्पनीको एकिकृत वित्तिय कार्यसंपादनमानै असर पर्न गएकोछ । यद्यपी आ.व. २०८२।८३ वाट नेपाल विद्युत प्राधिकरणले उत्पादित सबै विद्युत खरिद गर्ने प्रतिवद्धता जनाएको छ ।

(ख) कावेली ए जलबिद्युत आयोजना (३७.६ मेगावाट) को निर्माण कार्य स्थानीय बैंकहरूबाट वित्तीय व्यवस्थापन तथा विद्युत खरिद बिक्री सम्झौता संसोधन गरी आयोजना निर्माण कार्य तदारूकताका साथ अगाडि वढाइएको छ ।

(ग) मर्स्याङ्दी नदीमा मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना (१३५ मेगावाट), तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना (१३९.२ मेगावाट) र अपर मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजना (३२७ मेगावाट) लाई क्यासकेड आयोजनाको अवधारणामा निर्माण गर्नका लागि चिनिया साझेदार कम्पनीहरू Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संग आवश्यक सम्झौताहरू गरी आयोजना विकासको कार्य अघि बढाइएको छ। उक्त आयोजनाहरूमा यस कम्पनीको करीव

२०% शेयर लगानी हुनेछ।

मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको निर्माण कार्य सेप्टेम्वर २८, २०२४ देखी प्रारम्भ भएको छ।

तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्र लिने तथा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गर्ने कार्य सम्पन्न भएको छ । यस अयोजना विकासका लागि छुट्टै कम्पनी दर्ता भई आयोजना हस्तान्तरणको प्रक्रियामा रहेको छ।

अपर मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनाको पुरक वातावरणीय अध्ययन प्रतिवेदन तथा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भईसकेको छ। लगानी वोर्डमा आयोजना विकास सम्झौताको प्रकृयामा रहेको छ । नेपाल विद्युत प्राधिकरणसंग आयोजनाको कनेक्सन एग्रिमेन्ट भई विद्युत खरिद बिक्री सम्झौताको प्रकृयामा रहेको छ।

(घ) चिनोखोला जलविद्युत आयोजना (७.९ मेगावाट) को उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । आयोजना कम्पनी दर्ताको कार्य समेत सम्पन्न भएको छ । नेपाल विद्युत प्राधिकरणसंग कनेक्सन एग्रिमेण्ट भई विद्युत खरिद बिक्री सम्झौताको प्रक्रियामा रहेको छ ।

(ङ) मुगु कर्णाली जलविद्युत आयोजना (१६० मेगावाट) का उत्पादन अनुमतिपत्रको दरखास्त विद्युत विकास विभागमा पेश गरि प्रक्रियामा रहेको छ।

७ आ.व. २०८१।८२ मा निम्न कार्यहरू गरिनेछ ।

- मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना निर्माणको कार्यलाई तदारूकताका साथ निरन्तरता दिइने ।
- तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता गर्ने, वित्तीय व्यवस्थापनको प्रकृया अघि बढाउने र आयोजना कम्पनीमा आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र हस्तान्तरण गर्ने ।
- अपर मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको लागि नेपाल विद्युत प्राधिकरणमा प्रकृया अगाडी बढाउने । लगानी वोर्डसंग आयोजना विकास सम्झौता गर्ने ।
- चिनोखोला जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गर्ने र आयोजनाको वित्तीय व्यवस्थापन गरी निर्माण कार्यहरू शुरू गर्ने ।
- कावेली ए जलविद्युत आयोजनाको निर्माण कार्यलाई तदारूकताका साथ निरन्तरता दिइने।
- ग्रीन हाइड्रोजन तथा शौर्य उर्जाको क्षेत्रमा व्यवसायिक अवसरहरूको खोजी गर्ने।
- आंधिखोला विद्युत वितरण व्यवसायको महसुल बृद्धि लागु गर्ने।

८ कम्पनीको संचालक समितिले नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत कम्पनीहरूको संस्थागत सुशासन निर्देशिका, २०७४ बमोजिम लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिका साथै वित्त समिति पनि गठन गरेको छ । साथै, संचालक समितिले परिपालना अधिकृत समेत नियुक्त गरेको छ । कम्पनीले आफ्नो श्रम लेखापरीक्षण कार्य सम्पन्न गरी श्रम लेखापरीक्षण प्रतिवेदन श्रम कार्यालयमा पेश गरेको छ । कम्पनीले ऐन नियम अनुसार प्रकाशित गर्नु पर्ने त्रैमासिक प्रतिवेदनहरू लगायतका प्रतिवेदनहरू प्रकाशित गर्दै आएको छ।

९. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो। उल्लेखित आर्थिक विवरणहरू तथा बार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ।

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

## २०८१ आषाढ ३१ गतेको
# वित्तिय अवस्थाको विवरण

| विवरण | आ.व. २०८०/८१ रू. | आ.व. २०७९/८० रू. |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| जायजेथा, प्लाण्ट तथा उपकरण | २६२,३१२,३९२ | २७१,५५९,४८३ |
| पूंजीगत कार्य प्रगति | – | १,९२२,१३० |
| अदृष्य सम्पत्ति | १,८०३,५२७,४६७ | १,८५७,६५७,३६६ |
| आयोजना कार्य प्रगति | ३७१,०३७,८३९ | ३४६,१६६,५९३ |
| वित्तिय सम्पत्ति | | |
| सहायक तथा सम्बद्ध कम्पनीमा लगानी | ३,८२५,१७४,४३१ | ३,४५४,७७३,२९२ |
| अन्य लगानी | ८००,८५५,६२६ | ८१३,५६५,३५६ |
| अन्य गैर चालू सम्पत्ति | – | – |
| **जम्मा गैर चालू सम्पत्ति** | **७,०६२,९०७,७५५** | **६,७४५,६४४,२२३** |
| **चालू सम्पत्ति** | | |
| मौज्दात | ५५,३९७,३४१ | ५८,०६४,७१७ |
| वित्तीय सम्पत्ति | | |
| व्यापारिक आसामी लिनुपर्ने | १०३,६६९,२०५ | ६५,६८६,३२० |
| नगद तथा नगद समान | ३०,९७१,२६३ | ६४,१७९,००३ |
| अन्य बैंक मौज्दात | ७,११५,००० | १५,००० |
| अन्य वित्तीय सम्पत्ति | ५२२,१५४,७३३ | ८७६,५५५,४२० |
| अन्य चालू सम्पत्ति | २१,१६७,२९९ | १६,४१८,४६३ |
| चालू सम्पत्ति (खुद) | १५,०८५,३७६ | ७,४९२,१७० |
| **जम्मा चालू सम्पत्ति** | **७५५,५६०,२१७** | **१,०८८,४११,०९३** |
| **जम्मा सम्पत्ति** | **७,८१८,४६७,९७४** | **७,८३४,०५५,३१६** |
| **कोष तथा दायित्व** | | |
| **कोष** | | |
| इक्वीटी शेयर पूंजी | ३,४०९,०६४,६०० | ३,४०९,०६४,६०० |
| अन्य इक्वीटी | ३,६२३,०८२,३६७ | ३,६२३,६०३,४४५ |
| **जम्मा कोष** | **७,०३२,१४६,९६७** | **७,०३२,६६८,०४५** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| ग्राण्ट अनुदान जगेडा | १६७,२४८,३१६ | १७५,१४८,४३३ |
| वित्तिय दायित्व | | |
| ऋृण सापटी | ६४,६५९,२८० | ७९,६५९,२८० |
| व्यवस्थाहरू | २०७,१०६,९९० | २१५,९०७,१५५ |
| स्थगन कर | १५६,८८५,४५८ | १५८,१६६,९५० |
| अन्य गैर चालू दायित्व | १७,५५१,६४८ | १८,४७२,६१० |
| **जम्मा गैर चालू दायित्व** | **६१३,४५१,६९२** | **६४७,३५४,४२८** |
| **चालू दायित्व** | | |
| वित्तीय दायित्व | | |
| ऋृण सापटी | ४५,०००,००० | १५,०००,००० |
| व्यापारिक साहू तिर्नुपर्ने | १०,४५१,७१२ | १५,५४३,१६६ |
| अन्य वित्तीय दायित्व | २८,२४७,९९६ | २८,६७६,९८० |
| व्यवस्थाहरू | १,५३८,२४९ | ३,८६५,५३३ |
| अन्य चालू दायित्व | ८७,६३१,३५६ | ९०,९४७,१६४ |
| चालू कर दायित्व (खुद) | – | – |
| **जम्मा चालू दायित्व** | **१७२,८६९,३१३** | **१५४,०३२,८४३** |
| **जम्मा दायित्व** | **७८६,३२१,००५** | **८०१,३८७,२७१** |
| **जम्मा कोष तथा दायित्व** | **७,८१८,४६७,९७२** | **७,८३४,०५५,३१६** |

## २०८१ आषाढ ३१ गते समाप्तवर्षको
# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०८०।८१ रू. | आ.व. २०७९।८० रू. |
|---|---|---|
| **बिक्री** | ६९३,६४०,७९१ | ७२४,४१६,७२५ |
| बिक्रि लागत | | |
| उत्पादन खर्च | (३०५,०५५,१४७) | (३०३,५९०,२०८) |
| वितरण खर्च | (१३६,७३२,७९१) | (१३८,५६९,२१३) |
| **कूल मुनाफा** | **२५१,८५२,८५३** | **२८२,२५७,३०४** |
| अनुदान सहयोगको आम्दानी | | |
| अंशको ह्रासकट्टी | ७,९००,११७ | ७,९००,११७ |
| अन्य आय | ८३,०३७,२३१ | ७८,८४६,८९६ |
| लगानीको नोक्सानी व्यवस्था | | |
| आम्दानी जनाइएका | १७,८६०,२५९ | ५१२,७२८,७३८ |
| प्रशासनिक तथा अन्य संचालन | | |
| खर्चहरू | (१२४,८५१,९४२) | (१२६,७८६,६५७) |
| लगानीमा नोक्सान व्यवस्था | (१०,०००,०००) | (४६२,०९६,९४९) |
| **संचालनवाट मुनाफा** | **२२५,७९८,५१८** | **२९२,८४९,४४९** |
| वित्तिय आय | ४६,८१६,५९७ | १०३,४६६,८१२ |
| वित्तिय लागत | (१३,०२५,४६५) | (११,४६६,९९७) |
| **कर अघिको मुनाफा** | **२५९,५८९,६५०** | **३८४,८४९,२६४** |
| **आयकर खर्च** | | |
| चालु वर्षको आयकर | (६३,७०६,३४०) | (६१,१२७,७९६) |
| स्थगन कर आम्दानी/(खर्च) | (१,८९५,९४१) | (१८,६५०,७९५) |
| **चालु वर्षको मुनाफा** | **१९३,९८७,३६९** | **३०५,०७०,६७३** |
| **अन्य विस्तृत आय** | | |
| इक्वीटी उपकरणवाट देखिएको अन्य विस्तृत आय | (१२,७०९,७३०) | ३,२७५,३४१ |
| नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर | ३,१७७,४३३ | (८१८,८३५) |
| **जम्मा अन्य विस्तृत खूद आय** | **(९,५३२,२९७)** | **२,४५६,५०६** |
| **जम्मा विस्तृत खूद आय (कर पछिको)** | **१८४,४५५,०७२** | **३०७,५२७,१७९** |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ५।६९ | ८।९५ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ५।६९ | ८।९५ |

नोट:

# नोट:

BUTWAL POWER
COMPANY LIMITED

**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4791776, 4794026
Fax: 977-1-4790994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 086-590104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIAISON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058

**www.bpc.com.np**